फोन नं. ४२११९९१, ४२००५९५
फ्याक्स: ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५९५
इमेल: info@moless.gov.np
वेबसाइट: www.moless.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्या:-
चलानी:-

सिंहदरबार, काठमाडौं
नेपाल

मितिः २०७९/०६/११

## प्रेस विज्ञप्ति

आज मिति २०७९ असोज ११ गते माननीय मन्त्री शेरबहादुर कुँवरज्यूले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारी सम्हाल्नु भएको ९० दिने अवधिमा मन्त्रालय र मातहतका निकायबाट सम्पादन गरिएका कार्यहरुको प्रगति विवरण सार्वजनिक गर्न पत्रकार भेटघाट तथा वडादशैं, दिपावली, नेपाल सम्बत् तथा छठ पर्व, २०७९ को उपलक्ष्यमा शुभकामना आदान प्रदान कार्यक्रम आयोजना गरियो।

मन्त्रालयका निमित्त सचिव श्री डण्डुराज घिमिरेको अध्यक्षतामा सञ्चालन भएको कार्यक्रममा माननीय मन्त्री शेरबहादुर कुँवरज्यूले आफूले मन्त्रालय समालेको ९० दिने अवधिमा हासिल गरेका प्रगति तथा उपलब्धिहरुको विवरण प्रस्तुत गर्नुभयो। साथै आउदै गरेका २०७९ सालको वडादशै, दिपावली, छठ,नेपाल सम्बत लगायतका चाँडपर्वहरुको उपलक्ष्यमा मन्त्रालयका सम्पूर्ण कर्मचारी, उपस्थित पत्रकार तथा देशभित्र र वाहिर रहनु भएका सम्पूर्ण श्रमिकहरुलाई हार्दिक शुभकामना प्रदान गर्नु भयो।

पत्रकार भेटघाटमा मन्त्रालयको मुख्य कार्यक्षेत्र भित्र रहेको आन्तरिक रोजगारी सिर्जना, वैदेशिक रोजगारी, असल श्रम सम्बन्धको विकास, सामाजिक सुरक्षा, तालिम तथा सीप विकासको क्षेत्रमा यस अवधिमा भएका नीतिगत, संस्थागत, संरचनागत र व्यवस्थापकिय सुधारहरुको जानकारी गराउनु भयो। यस क्रममा पत्रकारहरुले राखेका जिज्ञासाहरुको माननीय मन्त्रीज्यु, मन्त्रालयका निमित्त सचिव, विभागिय प्रमुख र वोर्डका पदाधिकारीहरुले सम्बोधन गर्नु भयो।

.....................
(डण्डुराज घिमिरे)
सहसचिव एवं प्रवक्ता